मण्डनदेउपुर नगरपालिकाको नगर सभामा
२०७५ साल असार १० गते
नगर प्रमुख श्री टोक बहादुर तामाङ ज्यूले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७५/०७६ को
# नीति तथा कार्यक्रम र बजेट

मण्डनदेउपुर नगरपालिका
महादेवस्थान, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल
२०७५

प्रकाशन वर्ष
**२०७५**

संस्करण
**प्रथम**

प्रकाशक:
**मण्डनदेउपुर नगरपालिका**
**महादेवस्थान, काभ्रेपलाञ्चोक**
**३ नं. प्रदेश, नेपाल**

सर्वाधिकार
**मण्डनदेउपुर नगरपालिका**

प्रकाशन संख्या
**५०० प्रति**



*'देउपुर र मण्डन–कृषि र पर्यटन'*

# मण्डनदेउपुर नगरपालिका नगर प्रमुखको मन्तव्य

यस मण्डनदेउपुर नगरपालिकाको तेस्रो नगर सभाबाट स्वीकृत आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा ज्यादै गौरवान्भित भएको छु । ७५३ वटा स्थानीय तहहरू मध्ये मण्डनदेउपुर नगरपालिका एक आर्थिक र विकासका सम्भावना बोकेको स्थानीय तह हो । त्यसैले यस नगरको विकास ,सम्वृद्धि र प्रगतीका लागि सदैव सहयोग पुऱ्याउनु हुने सबै कर्मचारी, निर्वाचित जनप्रतिनिधि, नगर कार्यपालिकाका सम्पुर्ण सदस्यहरू तथा सम्पुर्ण महानुभावहरूमा आभार व्यक्त गर्न चाहन्छु ।

देशमा भएका विभिन्न राजनीतिक क्रान्ति, परिवर्तन र आन्दोलनले देशका विभिन्न समय कालखण्डमा लादिएका निरकुंशताहरू तोडदै राष्ट्रलाई अग्रगमनका दिशातिर उन्मुख गराउँदै २००७ सालमा १०४ वर्षे राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना, २०४६ सालमा ३० वर्षे पञ्चायती व्यवस्थाको उन्मुलन र बहुदलीय व्यवस्थाको शुरूवात, २०६२।६३ को जनआन्दोलन र राजतन्त्रको अन्त्य, जसको बलमा संघीय लोकतान्त्रिक व्यवस्थाको स्थापना भई देश एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र बनेको छ । जनआन्दोलनका जगमा संघीय लोकतान्त्रिक व्यवस्था स्थापना भयो । वि.सं. २०७२ साल असोज ३ गते घोषणा भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधानसँगै नेपाल राज्यको पुर्नसंरचना भै तीनै तहको निर्वाचन सम्पन्न भई तीनै तहका सरकारहरू पनि गठन भईसकेका छन् ।

यी तीनै तहका निर्वाचन र सरकारको गठनले देशमा समाजवाद उन्मुख विकास निर्माणको ढोका खुलिसकेको छ । राज्यको पुनर्संरचना पछिको पहिलो स्थानीय तहको निर्वाचन २०७४ बाट यस नगरको प्रमुख पदमा निर्वाचित गर्नुहुने सम्पुर्ण नगरबासीमा हार्दिक आभार व्यक्त गर्दछु । यस निर्वाचनबाट स्थानीय तहमा जनप्रतिनिधीको आगमनसँगै विकास निर्माणका कार्यले तिव्रता पाएको छ र अझै धेरै विकास हुने र गर्दै लगिने कुरामा विश्वास दिलाउन चाहन्छु साथै यस विकासको महाअभियानमा लाग्न सबै नगरबासीमा हार्दिक आग्रह गर्दछु ।

स्थानीय तहको निर्वाचन २०७४ पछि गठित यस नगर कार्यपालिकाले एक आर्थिक वर्ष पार गरिसकेको छ । यसै क्रममा विकास निर्माणका कार्यले पनि तिव्रता पाएको छ । नगरस्तरीय योजनाहरू छनौट भई कार्यहरू समापन भएका र केही कार्यहरू धमाधम भईरहेका छन । गत आ.व. मा शिक्षा, स्वास्थ्य, कृषि ,पशु, खानेपानी ,बाटोघाटो, सिंचाइ, मठमन्दिरको पुनर्निमाण तथा विभिन्न आयमुलक तथा सीपमुलक तालिम कार्यक्रमहरूमा विषेश जोड दिई कार्यक्रमहरू सञ्चालन गरियो । जसबाट नगरबासीमा नगरपालिका भएको आभाष मिलेकोमा म बिश्वस्त छु ।

गत आ.व.मा सञ्चालन गरेको शिक्षामा सुधार र विकास, जनप्रतिनिधि र जनतामा नै प्रभावकारी कार्यक्रम मार्फत नगरपालिकाको १२ वटै वडामा नगर शिक्षा समिति र जनप्रतिनिधिहरू सहित स्थानीयहरूको सहभागितामा सामुदायिक विद्यालयको शिक्षाको सुधार र विकास निर्माणका कार्यहरूको जानकारी र आगामी आ.व.मा सञ्चालन गरिने कार्यहरूको बारेमा सुझाव संकलन गर्ने कार्य समापन गरियो । नगर भित्रमा सञ्चालित सामुदायिक विद्यालयको शिक्षालाई जीवन उपयोगी र गुणस्तरीय बनाउन नगरभित्रका ४६ वटै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा बाल कक्षा देखि १ सम्म र कक्षा ५ सम्म सञ्चालन गरिएको , प्रत्येक विद्यालयमा नयाँ प्रविधीयुक्त शिक्षा प्रदान गर्न TALKING TEACHER को माध्यमबाट कक्षा सञ्चालन गरिएको, नगरभित्र सञ्चालनमा रहेका नीजि विद्यालयहरूलाई पनि नयाँ प्रविधी निःशुल्क वितरण गरिएको, अंग्रेजी माध्यममा कक्षा सञ्चालनका लागि पाठ्यपुस्तक खरिदका लागि नगरपालिकाले नै अनुदान दिईएको, नगरको सडक, खानेपानी, प्राकृतिक स्रोतको व्यवस्थापन र अध्ययन, खनिज तथा पर्यटन नगर गुरूयोजना निर्माणका लागि consultancy को माग गरि विज्ञापन गरिसकेको, सिपाघाट देखि फेदी सम्मको बैकल्पिक मार्गको टेण्डर गरि ठेक्कामा गईसकेको, नगर भित्रका सम्पूर्ण विद्यालयहरू, वडा कार्यालयहरू तथा स्वास्थ्य चौकीहरू समेतमा ई. हाजिरीको शुरूवातको पहल भईसकेको, विद्यालयहरूको व्यवस्थापन गरी केहिको तह समायोजन गरेको केहिको कक्षा समायोजन गरिएको, केहि शिक्षकहरूको काज सरूवा गरि विद्यालयहरूमा शिक्षकको व्यवस्थापन गरिएको, नगर शिक्षा समितिको गठन गरि विद्यालयहरूको अनुगमन गरि सकिएको, वडा शिक्षा समिति गठन भईसकेको, बृहत मण्डनदेउपुर नगर खानेपानीको सम्भाव्यता अध्ययन सकिसकेको, नगरका प्रत्येक वडाका वडा कार्यलयहरूमा फर्निचर तथा कुर्सिको व्यवस्थापन गरिसकिएको, प्रत्येक वडा कार्यलयहरूमा एक डेक्सटप कप्प्युटर, एक ल्यापटप र एक प्रिन्टरको व्यवस्थापन गरि सकिएको, प्रत्येक वडामा इन्टरनेट कनेक्टिभिटीको काम सकिएको,नेपालको पहिलो एकीकृत सूचना प्रविधी केन्द्रको स्थापना भइसकेको, न्यायिक समितिले प्रत्येक वडा प्रतिनिधीहरूलाई तालिम दिइसकिएको, नगर प्रमुखको पहलमा निःशुल्क २ वटा सवारी साधनको व्यवस्थापन गरिएको, वातावरण व्यवस्थापनका लागि एक मिनि ट्रिपर खरिद प्रक्रियामा रहेको, नगर एम्बुलेन्स व्यवस्थापनको प्रक्रियामा रहेको, नगरका सम्पुर्ण १२ वटै माध्यमिक विद्यालयहरूमा निःशुल्क सोलार सेट वितरण गरि जडान

गरिसकिएको, नगर कार्यलयको भवन निर्माणका लागि जग्गा खरिद प्रक्रिया अगाडि बढाइसकिएको, इन्द्रावती लिफ्ट जोगाउन इन्द्रावती नदी नियन्त्रणका लागि कार्य थालिसकिएको तथ्य जानकारी गराउँछु ।

आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रमले मात्रै यस नगरको विकासका लागि पर्याप्त नहुन सक्छ । तर स्थानीय तहको सरकार प्रत्येक नागरिकको आफनै सरकार भएकोले जनचाहना अनुरूप जनसहभागिताकै आधारमा विकास निर्माणको पहिलो आधार हुनेछ भन्ने कुरामा हाम्रो विश्वास छ । यस नगरको विकास, उन्नती र प्रगतीका लागि हामीले देखेका सपनाहरू साकार पार्न नगर भित्र, देशभित्र र देश बाहिर रहेका नगरबासी तथा विभिन्न विज्ञहरूका अमुल्य साथ र सहयोगको आवश्यकता पर्दछ । यस नगरपालिकालाई सवल, समृद्ध र शान्तिपुर्ण बनाउन तथा चौतर्फी विकासका लागि मेरो र नगरपालिकाका सबै जनप्रतिनिधिहरूको क्षमता र विवेकले भ्याएसम्म अनवरत रूपमा लाग्ने प्रण गर्दछु । नगरपालिकाले अघि सारेका विभिन्न विकासका योजनालाई समयमै सम्पन्न गरि नगरको गरिमालाई उच्च बनाई राख्न र बेलाबखत सकारात्मक सल्लाह सुझाव दिन नगरबासीलाई र राजनीतिक पार्टीहरूको सुझावको अपेक्षा सहित हार्दिक अनुरोध गर्दछु । यस नगरपालिकालाई देशकै नमुना नगरको रूपमा विकास गर्ने यस महाअभियानमा सबैको साथ र सहयोगको अपेक्षा समेत गर्दछु । अन्तमा नगर सभा सम्पन्न गर्न महत्वपुर्ण योगदान गर्नुहुने सम्पुर्ण महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु ।



...............................................

टोक बहादुर तामाङ

नगर प्रमुख

# विषय सूची



| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | नगरपालिकाको संक्षिप्त परिचय | ५-१० |
| २. | नीति तथा कार्यक्रम | ११-१७ |
| ३. | बजेट तथा कार्यक्रम | १८-४७ |
| ४. | नीतिगत निर्णयहरु | ४८ |
| ५. | योजना बैंक | ४८-७४ |
| ६. | नगरपालिकाको सडक अधिकार क्षेत्र | ७५-८० |
| ७. | करका दरहरु | ८०-१०० |
| ८. | नगरपालिका भित्र कार्यरत संघ संस्थाको नामावली | १०१ |
| ९. | जनप्रतिनिधिको नामावली तथा सम्पर्क नं. | १०२-१०४ |

## १ नगरपालिकाको सक्षिंप्त परिचय

### १.१ ऐतिहासिक परिचय

नेपालको मानचित्रमा काभ्रेपलाञ्चोक जिल्लाभित्र धार्मिक पुरातात्विक राजनैतिक, सामाजिक र व्यापारिक तथा औद्योगिक महत्वका दृष्टिले ईतिहासमा रहेका प्रसिद्ध नामहरू छन् । बनेपा, पनौती, धुलिखेल, पाँचखाल, खोपासी, नाला, साँगा, साठीघर, भगवती पलाञ्चोक, नाल्दुम, चौकोट जस्ता नामहरूभित्र मण्डनदेउपुर एउटा परिचत र ऐतिहासिक नाम हो । ऐतिहासिक परिचयभित्र अंकित गरिएका नामहरूमध्ये मण्डन नाम उल्लेख पनि छ ।

### १.२ नगरपालिकाको नामाकरण

साविकको मण्डन र देउपुर गा.वि.स. हरूलाई मिलाएर मण्डनदेउपुर नगरपालिकाको नामाकरण गरिएको छ । यस मण्डनदेउपुर नगरपालिकाको केन्द्र विन्दु तथा नगरपालिकाको कार्यालय साविकको महादेबस्थान मण्डन गा.वि.स.को कार्यालयलाई स्थापित गरिएकोमा दैनिक तथा प्रशासनिक कार्य सम्पादन गर्न स्थान अभावको भएकोले २०७५ जेठ १९ गते बाट  माछापोखरी  नजिक भाडाको घरमा नगरपालिकाको कार्यालय स्थापना गरिएको छ । यस नगरपालिकमा १२ वटा वडाहरू रहेका छन् । साविक वालुवापाटी, देउपुर, गैरीविसौना देउपुर, नयाँगाउँ देउपुर, महादेवस्थान मण्डन, चण्डेनी मण्डन, जैशीथोक मण्डन, र ज्याम्दी मण्डन (१ देखी ४, ६) गा.वि.स. गरी सात वटा गा.वि.स. मिलेर मण्डनदेउपुर नगरपालिका वनेको छ ।

### १.३ भौगोलिक अवस्थिति

मण्डनदेउपुर नगरपालिका नेपालको ३ नं. प्रदेश अन्तर्गत काभ्रे जिल्लामा पर्दछ । नेपालको राजधानी काठमाण्डौबाट उत्तर पूर्वमा ५५ कि.मि दुरीमा रहेको यस नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि छ । मण्डनदेउपुर नगरपालिको केन्द्रीय कार्यालय यस नगरपालिकाको कुन्तावेशीमा अवस्थित छ । यस नगरपालिकामा समथर फाँट देखि पहाडी भू भागहरू समेत रहेका छन् ।

### १.४ राजनीतिक एवं प्रशासनिक विभाजन

देशलाई संघीय ढाँचामा रूपान्तरण गरिए लगतै नयाँ संरचना अनुसार वि.सं २०७३ फाल्गुण २७ गते नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी यस काभ्रे जिल्लालाई १३ वटा नयाँ स्थानीय तहमा विभाजन गरेको छ । जिल्ला भरीका राजनीतिक दलहरू, पत्रकार, नागरिक समाज, सम्बन्धित सरोकारवाला स्थानीय जनताहरूको बहुपक्षीय अन्तरक्रिया, छलफल र परामर्शहरू गरी सम्मानित आयोगको स्थानीय तह पुनर्संरचना सम्बन्धी कार्यविधिको अधिकत्तम परिपालना र तोकिएको संख्या, सीमा ननाघ्ने गरी अधिकत्तम राजनीतिक सहमतिका आधारलाई पनि दृष्टिगत गरी उक्त समितिले आयोगको कार्यविधिमा भएका मापदण्ड र जिल्लास्तर र स्थानीय स्तरका परामर्शहरूको आधारमा १३ वटा नयाँ स्थानीय तह (७ वटा गाउँपालिका तथा ६ वटा नगरपालिका) को सीमाना सहित प्रतिवेदन तयार गरी आयोगमा पेश गरेको थियो । जिल्लाको प्रस्तावित गाउँपालिका र नगरपालिका, तिनका केन्द्रहरू र वडाहरूको विभाजन सहितको प्रतिवेदन आयोगमा पेश भएकोमा समितिले सिफारिस गरे अनुरूप नै नेपाल सरकारको २०७३ फाल्गुण २७ गते प्रकाशित राजपत्रमा उल्लेख भए अनुसार यस काभ्रेपलाञ्चोक जिल्लामा विभिन्न गाउँपालिका तथा नगरपालिका कायम भएको छ । नयाँ संरचना अनुरूप काभ्रे जिल्लाभित्र रहेका विभिन्न ६ वटा नगरपालिकाहरू मध्ये मण्डनदेउपुर नगरपालिका एक हो । यस मण्डनदेउपुर नगरपालिकामा जम्मा १२ वटा वडाहरू पर्दछन् ।

### १.५ नयाँ संरचना अनुसारको वडा

यस मण्डनदेउपुर नगरपालिकाको नयाँ संरचना अनुसारको वडा यस प्रकार छ ।

| साविकको गाविसका नामहरु | नयाँ वडा | नगरपालिका | स्थान |
|---|---|---|---|
| वालुवापाटी देउपुर १,३, ५, ६ | १ | मण्डनदेउपुर नगरपालिका | कुन्तावेशी, महादेवस्थान |
| वालुवापाटी देउपुर २, ४, ७, ९ | २ | | |
| नयाँगाउँ देउपुर ३, ४, ७, ८,९ | ३ | | |
| नयाँगाउँ देउपुर १,२, ५, ६ | ४ | | |
| गैरीविसौना देउपुर २, ६, ७, ८,९ | ५ | | |
| गैरीविसौना देउपुर १,३, ४, ५ | ६ | | |
| महादेवस्थान मण्डन ७, ८,९ | ७ | | |
| महादेवस्थान मण्डन १,२, | ८ | | |
| महादेवस्थान मण्डन ३, ४, ५, ६ | ९ | | |
| चण्डेनी मण्डन | १० | | |
| जैशीथोक मण्डन | ११ | | |
| ज्याम्दी मण्डन १,२, ३, ४, ६ | १२ | | |

### १.६ हावापानी

धरातलीय विविधता अनुसार काभ्रे जिल्लामा मण्डनदेउपुरको हावापानीमा पनि केही विविधिता छन् । खासगरी मण्डनदेउपुर नगरपालिका, मध्यम पहाडी हावापानी भएको ठाउँ हो । यस नगरपालिकाको इन्द्रवती नदि किनार तथा कुन्ताबेसी, महादेवस्थान, जैशीथोक, चण्डेनी जस्ता तल्लो क्षेत्रमा कही गर्मी तथा न्यानो हुने क्षेत्र हो भने नगरकोट तथा चण्डेनीको उच्च क्षेत्र केही चिसो महशुस गरिने क्षेत्रका रूपमा लिईन्छ ।

### १.७ भू-उपयोग

नेपालको राजधानी काठमाण्डौबाट उत्तर पूर्वमा ५५ कि.मि दुरीमा रहेको यस नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि रहेको छ । यस मण्डनदेउपुर नगरपालिकाको जम्मा क्षेत्रफल मध्य समुदायका मानिसहरूले जम्मा १८३१५ रोपानी खेतमा खेती गर्ने गर्दछन् । समुदायले खेती गर्ने बारीको जम्मा क्षेत्रफल ३२०२९ रोपनी रहेको छ । त्यसैगरी नगरपालिकामा समुदायले उपभोग नगरेको जमिनको जम्मा क्षेत्रफल २३८४ रोपनी रहेको छ । त्यसैगरी नगरपालिकामा वुटयानको जम्मा क्षेत्रफल ४५१ रोपनी रहेको छ । चरन क्षेत्र २१८६ तथा जङ्गल तथा वृक्षारोपण ३११९९ रोपनी यस नगरपालिकामा रहेको छ ।

**<u>जमिनको अवस्था सम्बन्धी बिवरण रोपनीमा</u>**

| वडा नं. | खेती गरेको खेतको क्षेत्रफल | खेती गरेको बारीको क्षेत्रफल | उपयोग नगरेको | वुटयान | चरन क्षेत्र | जंगल/ वृक्षारोपण | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | २७७१.७६५ | २५१५.४५ | १२२.५ | ९ | | ७२.११ | ८१.१ |
| २ | १३३५.८२५ | २७६६.८४ | १८३.३९५ | ३४.५ | ५ | ५० | ८९.५ |
| ३ | २०८४.१ | २७१६.०५५ | ४९१.७ | ३९ | २११२ | ४९ | |
| ४ | १२१८.३८८ | १६७६.५०९ | १३१.५१३ | १९ | २ | १४६.२१३ | १६७ |
| ५ | २७८२.१३ | २७२६.१ | ३६१ | ११८ | २४ | ८१ | |
| ६ | १३७२.३२१ | २००५ | १३०.५ | २४ | | | १ |
| ७ | १२४०.०३८ | १७१५.५३८ | ६ | १३ | १ | २६८१ | |
| ८ | १३५०.९७५ | २४१०.०५५ | १९.१ | ३३ | १ | ४७.५ | |
| ९ | १२०१.५१३ | ३१९३.३८८ | २९९१२५ | ७७.७ | ८ | ५२ | |
| १० | १३२२.३५ | ३३३४.७८८ | ७४९ | २० | २३ | १८ | |
| ११ | १०८४.१७५ | ३४९१.३४ | २९ | १२ | | २ | १६ |
| १२ | ५५१.३१२५ | ३४७८.९ | ३५२.८७५ | ५२ | १० | १ | |
| जम्मा | १८३१५.१०२५ | ३२०२९.९६३ | २३८४.००८ | ४५१.२ | २१८६ | ३१९९.८२३ | ३५४.६ |



**१.८ वनस्पति तथा वन्यजन्तुहरू**

वनस्पति र वन्यजन्तुको दृष्ट्रिले यस नगरपालिकालाई जैविक विविधताले महत्वपूर्ण मानिन्छ । यस नगरपालिकाको वडा न. १ देखि १२ वडा सम्म हेर्दा पहाडी भूभाग देखि समथर फाँट सम्मका क्षेत्रमा उत्तीस, सल्ला, लालीगुराँस, कटुस, साल, चिलाउने, लगाएतका वनस्पतीहरू पाईने गरेका छन् । त्यसैगरी वन्य जन्तुहरूमा मुख्य रूपमा बादर नै वढि रहेको छ । जसले स्थानीय समुदायलाई पनि निकै समस्यामा पार्ने गरेको छ । त्यसैगरी चितुवा, बँदेल, मृग, स्याल, दुम्सी जस्ता जङ्गली जनावरहरू पनि पाईन्छन् । त्यसैगरी स्थानीय जातका वनस्पति तथा फलफुलहरूमा आँप, लिचि, कटहर, नास्पाती, सुन्तला, जुनार, कागती, मेवा आदि यहाँ पाइने मुख्य फलफुलहरू हुन् ।

**१.९ जातजातिहरू**

यस मण्डनदेउपुर नगरपालिका भित्र विभिन्न जातजातिका समुदमयको बसोबास रहेको छ यस नगरपालिकाभित्र मुख्यगरी तामाङ, ब्राह्मण क्षेत्री, नेवार, गुरूङ, तामाङ, ठकुरी, दलित, जनजाति, लगायत सीमान्तकृतमा माझि दनुवार समुदायका मानिसहरूको पनि बसोबास रहने गरेको छ । त्यसमा पनि यस नगरपालिकामा जनजाती समुदायको बाहुल्यता बढी रहेको पाईन्छ ।

**१.१० महत्वपूर्ण धार्मिक स्थानहरू**

यस मण्डनदेउपुर नगरपालिकाभित्र केही महत्वपुर्ण धार्मिक स्थानहरू रहेका छन् । कश्यपेश्वर महादेव मन्दिरमा श्रावण महिना, तिजका वेला र शिवरात्रीमा विशेष मेला लाग्ने र पुजाआजा हुने गर्दछ । त्यसैगरी, त्रिनेत्रेश्वर, त्रिलिङ्गेश्वर, त्रेम्विकेश्वर मन्दिर पनि यहाँ प्रसिद्ध मन्दिरहरू हुन् । व्रम्हायणी देवी मन्दिरमा फागु पुर्णिमा, वडा दशैमा वढि पूजाआजा हुने गर्दछ । श्रीकृष्ण मन्दिर श्रीकृष्ण जन्माष्टमीमा धार्मिक मेला लाग्दछ । नयाँगाउमा पनि गणेश मन्दिर रहेको छ । कालीदेवी मन्दिरमा वडा दशैं र अष्टमीका दिन विशेष पूजा हुने गर्दछ । अर्को वुद्ध जयन्तिका दिन मानेडाँडा गुम्वामा विशेष मेला लाग्दछ ।

**१.११ नगरपालिकाको विकासको वर्तमान अवस्था, सम्भावना तथा चुनौतिहरु**

नेपालको राजधानी काठमाण्डौबाट उत्तर पूर्वमा ५५ कि.मि दुरीमा रहेको यस नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि रहेको छ । मुख्य मेलम्ची सडकले यसलाई जोडेको छ भने नगरकोट देखि कुन्ताबेशी सम्मको अर्को सडक पनि मुलसडक कै रूपमा पर्दछ । देश संघीयतामा गईसकेको र पुराना संरचना भंग गरी नयाँ संरचनामा निर्वाचित प्रतिनिधी आईसकेको अवस्था छ । त्यसैले निर्वाचित प्रतिनिधि माफ नगरपालिकाको विकासमा धैरै चुनौतिहरू छन् । समग्र नगरपालिकाको आर्थिक, सामाजिक, शैक्षिक तथा समग्र क्षेत्रको विकासमा सबैको सहकार्य हुनु आवश्यक छ । यहाँका समुदायहरूको मुख्य आम्दानीको स्रोत नै कृषि तथा पशुपालन देखिन्छ । पशुपालन सँगै दुध तथा दुध जन्य उत्पादनका दृष्ट्रिले पनि यहाँको नगरपालिका अग्र स्थानमै पर्दछ । त्यसैगरी पोल्ट्री फार्म तथा कुखुरा जन्य उत्पादन बाट पनि यहाँका समुदायले राम्रो आयआर्जन गर्ने गरेका छन् । यसका साथै तरकारी जन्य बस्तु उत्पादनका हिसावले पनि राम्रो उत्पादन हुने गरेको छ । यो क्षेत्र तरकारी जन्य उत्पादनहरूमा आलु, टमाटर, काउली बन्दा आदिको पकेट क्षेत्र नै हो । यहाँ आँप, लिची, जुनार, सुन्तला, नास्पाती जस्ता फलफुलहरूको पनि राम्रो उत्पादन हुँदै आएको छ । त्यसै गरी यस नगरपालिकाको खोला तथा नदी जन्य प्राकृतिक स्रोतहरूबाट गिटी, बालुवा रोडाहरू उत्पादन गरी नगरको आर्थिक विकासका लागि सम्भावित क्षेत्रको लिन सकिन्छ । पर्यटकीय हिसावले पनि यस नगरपालिकालाई महत्वपूर्ण मानिन्छ । नेपालकै प्रसिद्ध पर्यटकीय क्षेत्र नगरकोट यसै नगरपालिकामा पर्दछ । यहाँ सूर्यदय तथा सूर्यास्तका दृश्य हेर्न हरेक दिन सयौंको संख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गर्दछन् ।

त्यसैले यस नगरपालिकामा प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि भौगोलिक बनोट तथा समाजिक परिस्थिती तथा आर्थिक अभावका कारणले विकासका कार्यमा केही चुनैतीहरू देखा परेका छन् । पातलो तथा छरिएको बस्ती बढ्दो शहरीकरणको प्रभाव जस्ता कारणले पनि सम्भावना हुँदाहुँदै पनि अलिकति पछि पर्ने गरेको देखिन्छ । कृषि तथा तरकारी जन्य बस्तुको राम्रो उत्पादन क्षेत्र भएता पनि पछिल्लो समयम कृषि तथा तरकारी जन्यबस्तुहरूमा बढ्दो विषादीको प्रयोगले मानव स्वास्थ्यमा असर पार्न थालेको तथा माटोको उर्वर क्षमतामा पनि कमी हुँदै गएको पाईन्छ त्यसैले यसको व्यस्थापनलाई विशेष जोड दिनुपर्ने देखिन्छ । पछिल्लो अवस्थामा बढ्दै गएको युवा बेरोजगारी, महिलाहरूको घरायसी कार्यमा उल्झन, न्यून रोजगारी तथा कृषि तथा तरकारी जन्य उत्पादनमा नयाँ नयाँ प्रविधिहरूको विकास र विस्तार हुन नसक्नु पनि चुनौति पूर्ण नै मानिन्छ ।

- नगरपालिकामा तरकारी जन्य बस्तुहरूको निकै राम्रो उत्पादन हुने गरेको र यसलाई व्यापकता दिन सकिने सम्भाना पनि छ, तर स्थानीय कृषकले राम्रो बजार मुल्य पाउन नसकेकाले यसलाई व्यवस्थित गर्नुपर्ने तथा उन्नत विउ विजन र प्रविधिको विकास गर्नु पर्ने अहिले आवश्यकता हो ।
- नगरपालिकामा हाल पनि पशु तथा दुध जन्य उत्पादन, व्यापक रूपमा हुने गरेको र आगामी दिनहरूमा पनि उन्नत जातको पशुपालन तथा र प्रविधिको विकास गरी यसलाई विस्तार गर्न सकिन्छ ।
- नेपालकै प्रसिद्ध पर्यटकीय क्षेत्र नगरकोट, यही क्षेत्रमा रहेकाले त्यसलाई अझ व्यापक बनाई त्यस पर्यटकीय व्यवसायमा नगरबासीलाई आवद्ध गराउनु जरूरी देखिन्छ । यहाँ होटल व्यावसाय सँगै होम स्टेको समेत विकास गर्न सक्ने प्रचुर सम्भावना रहेको छ ।

☛ यस नगरपालिका क्षेत्रबाट हुने नदी जन्य उत्पादनलाई पनि नगरको विकासको अवसर तथा चुनैतिका रूपमा मान्न सकिन्छ ।

**२.२ नगरपालिकाको जनसंख्या सम्बन्धी विवरण**

वि.सं २०६८ को जनगणना अनुसार काभ्रे जिल्लाको यस मण्डनदेउपुर नगरपालिकाको कुल जनसख्या ३२,६५९ रहेको छ । जसमा १५,३२० पुरुष छन् भने, महिला को सख्या १७३९३ रहेको छ । साथै लैङ्गिक अनुपात ८८.३६ र जनघनत्व ३६७ प्रति वर्ग कि.मि. रहेको छ । त्यसैगरी यस नगरपालिकाको विभिन्न वडामा बसोबास गर्ने घरधुरीको सख्या ७३२८ रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यस मण्डनदेउपुर नगरपालिकाको वडागत जनसख्या विवरणलाई तलको टेबलमा जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

| क्र.सं. | वडा नं. | राष्ट्रिय जनगणना २०६८ का अनुसार | | | |
|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | जम्मा जनसख्या | पुरुष | महिला |
| १. | १ | ६७० | ३२४७ | १५४४ | १७०३ |
| २. | २ | ६२२ | २७७६ | १३९९ | १३७७ |
| ३. | ३ | ४८१ | २३२७ | १०५८ | १२६९ |
| ४. | ४ | ४७० | २०९० | ९२६ | ११६४ |
| ५. | ५ | ५६३ | २५९० | ११९१ | १३९९ |
| ६. | ६ | ६४० | २७८४ | १३०६ | १४७८ |
| ७. | ७ | ६२६ | २८०९ | १३६३ | १४४६ |
| ८ | ८. | ५५१ | २४९१ | ११६६ | १३२५ |
| ९. | ९ | ६९६ | २८६६ | १३६१ | १५०५ |
| १०. | १० | ७८२ | ३२६५ | १५०० | १७६५ |
| ११ | ११. | ६६७ | २९६५ | १३५८ | १६०७ |
| १२. | १२ | ५६० | २४४९ | ११४८ | १३०१ |
| | जम्मा | ७३२८ | ३२६५९ | १५३२० | १७३३९ |

त्यसैगरी मण्डनदेउपुर नगरपालिकाले २०७५ सालमा वडा अध्यक्षको नेतृत्वमा स्थानीय भोलेन्टेयरहरूको परिचालन द्धारा, गरिएको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको कुल जनसख्या ३९७५७ छ । घरधुरी संख्या ७९०८ छ । यसमध्ये पुरूषहरूको कुल जनसख्या २०३४२ र महिलाहरूको कुल जनसख्या १९४१५ रहेको छ । यस नगरपलिकामा महिला घरमुली १०१५ रहेका छन् भने पुरुष घरमुलीको ६८९३ रहेको छ । यसलाई तलको टेवलसँगै पाई चार्टमा देख्न सकिन्छ ।

**घरधुरी सर्वेक्षण २०७५**

| वडा नं. | घरमुली | | परिवार संख्या | | जम्मा जनसंख्या | जम्मा घरधुरी संख्या |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | | |
| १ | ५८९ | ६६ | १७६३ | १६८० | ३४४३ | ६५५ |
| २ | ५२० | ७४ | १३७५ | १२१४ | २५८९ | ५९४ |
| ३ | ४५८ | ५८ | १४२८ | १४२६ | २८५४ | ५१६ |
| ४ | ४९५ | ५५ | १४४० | १३६८ | २८०८ | ५५० |
| ५ | ५५२ | ९१ | १६७० | १५६४ | ३२३४ | ६४३ |
| ६ | ५०५ | ५० | १५१२ | १४०२ | २९१४ | ५५५ |
| ७ | ६२२ | ९१ | १७१३ | १६५७ | ३३७० | ७१३ |
| ८ | ६०९ | १२४ | १७८६ | १७५६ | ३५४२ | ७३३ |
| ९ | ६५५ | १०० | १९४३ | १८०० | ३७४३ | ७५५ |
| १० | ७०४ | १२२ | २१२८ | २०७७ | ४२०५ | ८२६ |
| ११ | ५८० | ७४ | १७७७ | १८१२ | ३५८९ | ६५४ |
| १२ | ६०४ | ११० | १८०७ | १६५९ | ३४६६ | ७१४ |
| जम्मा | ६८९३ | १०१५ | २०३४२ | १९४१५ | ३९७५७ | ७९०८ |

**२.४ जातजाति अनुसार जनसंख्याको विवरण**

तत्कालिन राजा पृथ्वीनारायण शाहले नेपाल "चार जात छत्तीस वर्ण" को फूलबारी भनेका थिए । तर नेपालमा चार जात वा छत्तीस जातको मात्रै बसोबास छैन । नेपाल बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक समाज हो भन्ने कुरा अहिले प्रष्ट छ । अहिलेको नयाँ राष्ट्रगानमा समेत यो कुरा उल्लेख गरिएको छ । बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल" तर वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको परिणाम हेर्ने हो भने नेपालमा १२५ भन्दा बढी जातजातिको अस्तित्व छ । त्यसमा सबैभन्दा धेरै १६.६ प्रतिशत जनसंख्या भएको क्षेत्री देखि १७३ जना मात्र रहेको कुसुण्डा समेत पर्दछन् । वर्गीकरणको आधारमा हेर्ने हो भने चाँहि देशको ठूलो संख्यामा आदिवासी जनजाति अनि त्यसपछि खस (ब्राह्मण, मधेसी, दलित एवं अन्य अल्पसंख्यक समुदाय पर्छन । २०४६ साल अघि पञ्चायत कालमा यो समुदायलाई सेतामगुराली भन्ने गरिन्थ्यो । यस सेतामगुरालीमा शेर्पा, तामाङ, मगर, गुरूङ, राई र लिम्बु पर्दछन् । २०५८ माघ २५ गतेको राजपत्रमा सूचना प्रकाशित भए अनुसार हिमाली मूलका १८, पहाडी क्षेत्रका २४ भित्री मधेशका ७ र तराई क्षेत्रका १० जनजाति रहेका छन्।

तर काभ्रे जिल्लाको मण्डनदेउपुर नगरपालिकाभित्र कुन कुन जातिको वसोवास कति संख्यामा छ भन्ने कुरालाई यहाँ प्रस्तुत गर्ने कोशिस गरिएको छ । यस मण्डनदेउपुर नगरपालिका भित्र विभिन्न जातजातिका समुदमयको बसोबास रहेको छ यस नगरपालिका भित्र मुख्यगरी तामाङ, ब्राहामण क्षेत्री, नेवार, गुरुङ, ठकुरी, दलित जनजाति, लगाएत सिमान्तकृतमा माझि दनुवार समुदायका मानिसहरूको पनि बसोबास रहेको छ । त्यसमा पनि यस नगरपालिकामा जनजाती समुदायको समुदायको बाहुल्यताबढी रहेको पाईन्छ ।









| वडा नं. | जनजाती | | | | | |
|---|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | सीमान्तकृत र दनुवार माझी | अन्य |
| १ | १०२२ | २६६ | १९२३ | २२० | | |
| २ | ३३२ | २०४ | २००८ | १८ | | |
| ३ | ४३९ | ४३ | २२९६ | ५६ | ४ | ० |
| ४ | १३०२ | ११२ | ९४४ | ४३२ | | ० |
| ५ | २२५३ | २१५ | ५३४ | २१४ | | ० |
| ६ | १४०७ | २७६ | ५९७ | ४०१ | १९९ | |
| ७ | १२३७ | ८१ | १७२० | ३२२ | १६ | ० |
| ८ | १०८३ | ७०५ | १४८३ | २२७ | | |
| ९ | १३३६ | ४९४ | १२५५ | ६५० | | |
| १० | १२२५ | २६० | २२०० | १६७ | ३३५ | ० |
| ११ | ११७० | ४४० | १८६८ | १११ | | ० |
| १२ | १४६८ | ९६१ | ४८७ | ५३८ | १२ | ० |
| जम्मा | १४२७४ | ४०५७ | १७३१५ | ३३५६ | ५६६ | ० |

**२.५ अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्था अपाङ्गता भित्र पर्दछ । यस्ता अपाङ्गताहरू, शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, सुनाइ सम्बन्धी अपाङ्गता, बोलाइ सम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता र सुस्त मनस्थिति, अटिज्म, बहुअपाङ्गता, गरी विभिन्न प्रकारका हुन्छन् । विभिन्न प्रकारका अपाङ्गता भएका समुदायलाई जीवनयापन साङ्ग सरह सजिलो छैन । त्यसैले अहिले हाम्रो समाजमा साङ्ग सरह नागरिक भई जीवनयापन गर्न पाउने हक अधिकार र सेवा सुविधामा पहुँच विस्तारका लागि सरकारी र गैरसरकारी तवरबाट विभिन्न प्रयासहरू भईरहेका छन् ।

काभ्रे जिल्लाको यस मण्डनदेउपुर नगरपालिकामा अपाङ्गता भएका समुदायको अवस्थाको बारेमा गरिएको घरधुरी सर्वेक्षणको विवरणलाई यहाँ वडागत रूपमा प्रस्तुत गरिएको छ । सर्वेक्षण अनुसार विभिन्न प्रकारका अपाङ्गता भएका समुदाय मध्ये यस नगरपालिकामा रहेका छन् जसमध्ये शारिरिक अपाङ्गता भएको जनसंख्या बढी देखिन्छ ।

| वडा नं. | शारीरिक | दृष्टि | सुनाई सम्बन्धी | दृष्टि र सुनाई सम्बन्धी | स्वर बोलाई सम्बन्धी | बौद्धिक तथा सुस्त | मानसिक अस्वस्थता | अटिजम | वहुअपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६ | ३ | १ | १ | २ | १ | | | २ |
| २ | १९ | ४ | १ | | | | | | १ |
| ३ | ८ | १ | १ | | | | १ | | ११ |
| ४ | ६ | | ३ | ३ | ५ | १७ | २ | | ३ |
| ५ | ४२ | | | | | | | | २ |
| ६ | १२७ | | | | | | २ | | २ |
| ७ | ७ | | | | | | | | ७ |
| ८ | ४२ | ८ | ११ | २ | १० | ३ | ६ | | ८२ |
| ९ | ४ | | | | | २ | | | २ |
| १० | २३ | २ | १ | | २ | १ | ४ | | |
| ११ | २२ | २ | ३ | २ | ९ | ४ | ४ | १ | २ |
| १२ | २२ | ३ | १ | १ | ० | ० | १ | ० | ० |
| जम्मा | ३३८ | २३ | २२ | ९ | २८ | २८ | २० | १ | ११४ |

# मण्डनदेउपुर नगरपालिकाको तेस्रो नगरसभामा प्रस्तुत
# आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट

आदरणीय नगर सभाका सदस्यज्यूहरू,

१. यस नगरपालिकाको तेस्रो नगरसभाको नीति तथा कार्यक्रम र वजेट अधिवेशनमा उपस्थित आदरणीय नगरसभा सदस्यज्युहरू, राष्ट्रसेवक कर्मचारीज्युहरू, नगर सल्लाहकार ज्यू, सञ्चारकर्मी मित्रहरू, सुरक्षाकर्मी साथीहरू र उपस्थित सम्पुर्ण महानुभावहरूमा नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

२. सर्वप्रथम प्रजातन्त्र र गणतन्त्र स्थापनाका निमित्त आफ्नो अमुल्य प्राण आहुती दिनुहुने अमर शहिदहरू प्रति सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. आर्थिक वर्ष २०७५/७६ का लागि बजेट तथा कार्यक्रम तयार गर्दा नेपालको संविधानको भावना, मर्म र संविधानमा उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरू, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरू, विकासका समसामयिक सवालहरू, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र नेपाल सरकार तथा प्रदेश अर्थ मन्त्रालयबाट विनियोजीत बजेट तथा कार्यक्रमलाई मूल आधार मानिएको छ ।

४. आगामी वर्षका लागि कार्यक्रमहरू प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्तहरू, यस सभामा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरू, वडा भेलाका क्रममा आम नगरवासी नागरिकहरूबाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रम, सम्बन्धित विभिन्न समितिहरूको प्रतिवेदन समेतलाई मार्गदर्शनका रूपमा लिइएको छ । वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी जनजाती तथा पिछडिएको वर्ग र क्षेत्र, दलित, अपाङ्गता भएका व्यक्तिहरू र अल्पसंख्यक लक्षित कार्यक्रमहरू सञ्चालन गर्न विनियोजित बजेट सहितको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिएको छ ।

५. **चुनौती तथा अवसर**

२०७३ फागुन २७ मा नगरपालिका घोषणा भए पनि यहाँ भौतिक पुर्वाधारको कमी, सुरक्षित खानेपानी र स्वास्थ्य सेवाको अभाव, रोजगारीको न्युन अवसर, पहाडी भूगोल, नगर क्षेत्रका सार्वजनिक तथा प्रति जग्गाहरूको प्रभावकारी ब्यवस्थापन गर्दै वहुपक्षीय उपयोगमा ल्याउन नसक्नु, नगरपालिकको प्रशासकीय भवन नहुनु, प्राकृतिक स्रोत तथा साधनको सहि सदुपयोग गर्न नसक्नुलाई कमजोर पक्षको रूपमा पहिचान गरिएको छ । साथै विद्यमान परिस्थिति र परिवेशलाई मध्यनजर गर्दा यस नगरपालिकालाई अपेक्षित नतिजातर्फ उन्मुख गराउँदै गर्दा अनेकौ चुनौतीहरूको सामना गर्नु पर्नेछ । नगर विकासका सम्वन्धमा आम नागरिकबाट प्राप्त योजनाहरूको ब्यवस्थापनका लागि वित्तीय श्रोतको परिचालन, कार्यवोझ अनुरूप नेपाल सरकारबाट प्राप्त हुने न्यून वित्तीय समानीकरण अनुदान, कार्यरत जनशक्तिको क्षमता र विज्ञता, जनताको बढ्दो माग र अपेक्षाको उचित सम्वोधन, निर्वाचित जनप्रतिनिधि, कर्मचारी र जनता बीचको त्रिपक्षीय उत्तरदायित्व निर्वाहको अवस्था जस्ता वहुआयामिक पक्षहरू नगर सरकारको सुशासन, विकास र प्रभावकारी सेवा ब्यवस्थापनका क्षेत्रमा देखा पर्ने मुख्य चुनौतीहरू हुन् । यद्यपी कृषि, पर्यटन तथा प्राकृतिक स्रोत यहाँको सबल पक्ष हो जसको सहि सदुपयोगबाट यस नगरको समुन्नती सुनिश्चित छ ।

६. **सोच, लक्ष्य र उद्देश्यः**

उल्लेखित चुनौती र अवसरहरूको वीचमा रहेर समग्रमा यो नीति तथ कार्यक्रम र बजेटले निम्न सोच, लक्ष्य र उद्देश्य लिएको छ ।

<u>सोचः</u> "देउपुर र मण्डन कृषि र पर्यटन" भन्ने सोच र व्यवहार सहितको सवल स्थानीय सरकार ।

<u>लक्ष्यः</u> मण्डनदेउपुर नगरपालिकाको भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गरि यस नगरपालिकालाई देशकै सवल, सक्षम, आत्मानिर्भर र समृद्ध नगरपालिकाको रूपमा विकास गर्ने ।

<u>उद्देश्यः</u> जनस्वास्थ्यको दृष्टिले स्वस्थ, पर्यावरण मैत्री, भौतिक पुर्वाधारको निर्माण गरि प्राकृतिक साधन स्रोतको परिचालन गर्दै कृषि एवम् साना घरेलु उद्योग, रोजगारीमूलक व्यवसायलाई बढावा दिई प्रशासनलाई सशक्त, पारदर्शी र प्रभावकारी बनाउदै, राज्य तथा नगरपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको सहज पहुँच अभिवृद्धि गरि भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्नु यस नगरपालिकाको मुख्य उद्देश्य रहेको छ ।

७. बजेटले लिएको माथिका उद्देश्यहरू हासिल गर्न आगामी आर्थिक वर्ष २०७५।०७६ को बजेटका प्राथमिकताहरू देहाय बमोजिम निर्धारण गरिएको छ ।

- समृद्ध भौतिक पूर्वाधार निर्माण,
- दीगो सडक संजाल,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा जोड,
- कृषिको आधुनिकिकरण, व्यावसायिकरण र यान्त्रिकिकरण,
- स्थानीय उत्पादन र उत्पादकत्वमा बृद्धि,
- प्रभावकारी स्थानीय सेवा प्रवाहको सुनिश्चितता,
- पर्यटन क्षेत्रको विकास,
- वातावरण मैत्री दीगो विकास,
- विपद् व्यवस्थापन,
- लक्षित वर्गको सशक्तिकरण ।

**८. आयोजना प्राथमिकीकरणका आधारहरु :**

आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, स्थानीय आवश्यकताको आधारमा आयोजनाहरूको प्राथमिकीकरण गरिएको छ ।

- नगर क्षेत्रको आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालन र आन्तरिक आय बृद्धिमा दीगो योगदान दिने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुग्ने,
- स्थानीय श्रोत, साधन, प्रविधिमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने,
- लैगिंक समानता, सामाजिक समावेशीकरण, सामाजिक सद्भाव तथा भाईचारा अभिबृद्धि गर्ने,
- दीगो विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापनमा सहयोग पुग्ने,
- उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- कृषिको आधुनिकीकरण र व्यवसायिकरणमा मद्दत पुऱ्याउने ,
- रोजगारीका अवसरहरूमा वृद्धि गर्ने,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा योगदान पुग्ने,
- स्थान विशेषको संस्कृती र पहिचान प्रवर्द्धन गर्ने,
- पर्यटन प्रबर्द्धन गर्ने ।

आदरणीय नगर सभाका सदस्यज्यूहरू,

अव म गत आर्थिक वर्ष २०७३/०७४ र आ.व. २०७४/०७५ मा विनियोजित बजेट र प्रगतीको संक्षिप्त समिक्षा गर्न चाहन्छु ।

**९.** हाम्रो नगरपालिका २०७३ फागुन २७ मा स्थापित नयाँ नगरपालिका भएकोले नगरपालिकाको आर्थिक वर्ष २०७३/७४ को लागि छुट्टै योजना, बजेट तथा कार्यक्रम थिएन । तसर्थ उक्त आ.व. को यथार्थ विवरण उपलब्ध हुन सकेन । तर पनि नगरपालिका बन्नु अघिका साविकका ७ गा.वि.स.हरुले परिषद्बाट योजनाहरू स्वीकृत गरी विभिन्न विकास योजनाका साथै लक्षित वर्गका कार्यक्रमहरू संचालन गरेका थिए । नगरपालिकाको स्थापना पछि स्थानीय संरचना निर्माणको लागि रू ३२ लाख पूँजीगत अनुदान तथा जिल्लाबाट राजश्व बाँडफाँड वापत रू. ४७ लाख ९९ हजार ९८० प्राप्त भएकोमा नयाँ कार्यालय स्थापनाको लागि फर्निचर, इलोक्ट्रोनिक उपकरण खरिद आदीमा रू ३८ लाख ३५ हजार ४५९ खर्च भएको र रू ४१ लाख ६४ हजार ५४१ बाँकी भई ०७४।०७५ को बजेटमा अल्या भएको थियो । सोहि आ.व. मा चालु तर्फ पठाइएको रू २० लाख मध्ये कर्मचारीको पारिश्रमिक, कार्यालय संचालन आदी शीर्षकमा गरि रू १५ लाख ९२ हजार ५८१ पैसा १६ मात्र खर्च भएको र रू. ४ लाख ७ हजार ४१८ पैसा ८४ बाँकी भई आ.व. २०७४।०७५ को बजेटमा अल्या भएको थियो । साथै आ.व. को अन्त्यमा रू ४८ लाख थप रकम निकाशा पठाइएको थियो ।

**१०.** चालु आ.व. २०७४।०७५ मा पूँजीगतर्फ रू. १९ करोड ६९ लाख २० हजार ८७१ र चालु तर्फ २५ करोड १९ लाख गरि कुल रू ४४ करोड ८८ लाख २० हजार ८७१ विनियोजित गरिएकोमा हालसम्म चालुगत तर्फ रू २० करोड ४० लाख ७० हजार ५७६ पैसा ३५ र पूँजीगत तर्फ रू ६ करोड १८ लाख ७० हजार ५७७ खर्च भएको तथा आ.व.को अन्त्य सम्ममा चालुतर्फ रू ५० लाख थप खर्च हुने तथा पूँजीगत तर्फ रू थप रू. ११ करोड खर्च हुने संशोधित अनुमान रहेको छ । यस आ.व.मा कुल रू ६ करोड राजश्व उठाइने अनुमान गरिएकोमा हालसम्म रू ५ करोड संकलन भएको तथा आ.वं. को अन्त्य सम्ममा थप रू. ५ लाख राजश्व संकलन हुने अनुमान गरिएको छ । चालु आ.व. मा विनियोजित योजना तथा कार्यक्रमहरू मध्ये करिब ८५ प्रतिशत भन्दा बढी योजनाहरू सम्झौता भई सकेकोले पूँजीगत खर्च ८५ प्रतिशत भन्दा बढी हुने देखिन्छ । साथै यस चालु आ.व.को चालु तथा पूँजीगत तर्फका खर्च समर्थनको प्रस्ताव गर्दछु ।

**११.** सामाजिक सुरक्षा कार्यक्रम तर्फ जेष्ठ नागरिक, एकल महिला र अपाङ्गलाई परीचय पत्र वितरण गर्न शुरू गरीएको छ । न्यायिक समितिको आयोजनामा छ लाख खर्चबाट हरेक वडामा कानूनी शिक्षा कार्यक्रम सञ्चालन गरिएको र २ लाख वरावरको कानून सम्बन्धी ऐन, नियम तथा अन्य पाठ्य सामाग्रीहरू खरिदको लागि प्रक्रिया अघि बढाइएको छ।

१२. त्यसैगरी नगर शिक्षा समिति गठन भै शिक्षा तर्फ सुधारका प्रयासहरू भएका छन् । विद्यालयमा नविनतम प्रविधि **ICT** प्रविधि उन्मुख टकिङ्ग टिचर, सबै विद्यालयहरूमा कक्षा १ सम्म अनिवार्य अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गर्न रू ४५ लाख विनियोजन भएको छ ।

१३. गत आ.व. वर्ष सम्ममा यस नगरपालिकाका ४ वटा मात्र वडाहरू खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएकोमा चालु आ.व. मा थप कार्यक्रम सञ्चालन गरि सबै वडालाई खुला दिशामुक्त क्षेत्र घोषणा गर्दै यस नगरलाई नै खुला दिशामुक्त क्षेत्र घोषणा गरिएको छ ।

१४. नगरपालिकामा कार्यरत गैर सरकारी संस्थाको समन्वयमा योजनाहरू र कार्यक्रमहरू सञ्चालन गरिएका छन् । त्यस्तै सडक बोर्ड नेपाल र सिंचाई डिभिजन कार्यालय सँग समपुरक कोष मार्फत कार्यक्रम संचालन भएका छन् ।

आदरणीय नगर सभाका सदस्यहरू,

यस नगरपालिकाको नारा "देउपुर र मण्डन-कृषि र पर्यटन" भन्ने रहेको र यसलाई र मुल मन्त्र मान्दै नेपालको संविधानको भावनालाई आत्मसात गर्दै सहभागितामुलक योजना तर्जुमा पद्धतिबाट तयार पारिएको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आदरणीय नगरसभाका सदस्यज्युहरू

१५. यस नगरपालिकामा रहेका विषयगत समितिहरू सँग समन्वय गरी सहभागितामुलक पद्धतिबाट योजना तर्जुमाका विभिन्न चरण पुरा गरि नगरको एकीकृत योजना तर्जुमा कार्य सम्पन्न भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस अघिका नगरसभाबाट पारित ऐनहरू, नगर कार्यपालिका बाट पारित नियमावली, निर्देशिका तथा कर्यविधि र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको मार्गदर्शन, अर्थ मन्त्रालयबाट प्राप्तु बजेट सिलिङको अधिनमा रहि यस नगरपालिकाको वार्षिक योजना तर्जुमा गरिएको छ । साथै यो योजना तर्जुमा गर्दा नगरले लिएको मुल नीति र विकासका मुख्य क्षेत्रहरूलाई प्राथामिकता दिँदै वडा बस्तिबाट आम नागरिकको सक्रिय सहभागिता गराउँदै वडा भेलाको प्रस्तावलाई वडा समितिको बैठक राखि नगरपालिकामा सिफारिस भई आए पश्चात विषयगत समितिमा छलफल गराइ पुनः एकीकृत योजना तर्जुमा समितिमा छलफल र प्राथमिकिकरण गरी प्रस्तुत गरिएको छ ।

१६. यस नगरपालिका अन्तर्गत कुन्तावेशीको फाँट उर्वर भूमिको रूपमा रहेको र यसको संरक्षण गर्ने नीति लिईएको छ । यस नगर पशुपालन व्यवसाय र दुग्धजन्य उत्पादनमा प्रचुर सम्भावना भएको नगर हो । यस नगरपालिकाले महिला, जनजाती, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मुलप्रवाहीकरणमा समेट्ने नीति लिएको छ ।

१७. नगरमा बृहत खानेपानी, सरसफाई कार्यक्रमलाई उच्च प्राथमिकता दिइएको छ । नगरपालिकाको जग्गा प्राप्ति गर्नका लागि मन्त्रालयबाट प्रारम्भिक अधिकारी तोकिएको छ र जग्गा प्राप्ति का लगि पहल भैरहेको छ । साथै ल्याण्ड फिल्ड साइटको जग्गा र अस्पताल निर्माणको लागि जग्गाको व्यवस्थापन गर्ने नीति लिइएको छ ।

१८. यस आ.व. मा हिगुवापाटी देखि सोते हुँदै चिहान कुनालाई वैकल्पिक ट्रिपर मार्ग निर्माण गरीने कार्य अघि बढाइने छ । नगर यातायात गुरूयोजना र समग्र नगरपालिकाको गुरूयोजना कार्य अघि बढाइएको छ । वडा कार्यालय र नगरपालिका वीच छोटो दुरीको सडक, रिङरोड, जस्ता सडकहरू अघि बढाइने छ।

१९. यस नगरपालिकाको इन्द्रावती, चाखोला र आँसीखोलाको गिटि, ढुङ्गा र बालुवा उत्खनन् कार्यलाई व्यवस्थित गर्न IEE गर्ने प्रक्रिया अघि बढाइने नीति लिइएको छ ।साथै निजी क्षेत्रबाट खानी, ईटा भट्टा तथा अन्य उद्योगहरू सञ्चालन गर्न सम्बन्धित उद्योगहरूले अनिवार्य रूपमा **IEE** गर्नुपर्ने व्यवस्था गरिएको छ । यसका साथै यस नगर भित्रका खेतीयोग्य, उर्वर भूमीमा ईटा भट्टा सञ्चापलन गर्न नदिने नीति लिईएको छ ।

२०. नगरपालिकामा बन्ने निजी तथा सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधि बनाउन सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ साथै सार्वजनिक भौतिक संरचाहरू अपाङ्ग मैत्री बनाइने छन्।

२१. सिंचाइको दीगो श्रोत अभाव भएका स्थानहरूमा प्लास्टिक पोखरी, आकाशे पानी संकलन, थोपा सिंचाइ जस्ता वैकल्पिक व्यवस्थालाई प्राथमिकता दिइनेछ । वेमौसमी तरकारी खेतिलाई प्रोत्साहान गरिने छ । लघु उद्यम विकास तथा जीविकोपार्जन सुधार कार्यक्रमलाई प्राथमिकता दिइने छ।

२२. जेष्ठ नागरिक परिचय पत्र वडाबाट वितरणको व्यवस्था मिलाइने छ । बालमैत्री कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइने छ । बाल

विकास, बाल सुरक्षा र बाल सहभागितालाई सुनिश्चित गरिनेछ ।

२३. वनक्षेत्रको संरक्षण कार्य अघि बढाइने छ । नगरपालिका भित्र विपद्को सामना गर्न रू २० लाख को आकस्मिक कोष स्थापना गरिएको छ । यसलाई वार्षिक रुपमा बृद्धि गर्दै लगिने छ । नगरको विपद् सम्बन्धी पूर्व तयारी प्रतिकार्य योजना बनाई लागु गरिनेछ ।

२४. नगरका सामुदायिक विद्यालयहरूमा अनिवार्य रूपमा बाल शिक्षा लागु गरिनेछ । विद्यालयको पहुँचबाट टाढा रहेका बालबालिकाहरूलाई समेट्न विद्यालय नभएका स्थानहरूमा समेत बाल कक्षा सञ्चालन गरिनेछ । शिक्षण सिकाईलाई प्रविधियुक्त बनाउन कम्प्युटर शिक्षा, पुस्तकालय स्थापना तथा शैक्षिक सुधारका विविध कार्यक्रम साझेदारीमा सञ्चाालन गरिनेछन्।

२५. सामुदायिक विद्यालयको भौतिक पुर्वाधार विकास गर्न बजेट व्यवस्था गरिनेछ । साथै विपन्न बालबालिहरूको शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्ती अक्षय कोष स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

२६. नगरपालिकाको आन्तरिक आय बृद्धि गर्न सम्पत्ति कर लागु गरिनेछ ।

२७. नगरमा सूचना प्रविधिमा आधारित एकीकृत सूचना सेवा केन्द्र स्थापना भएको छ । यसलाई सर्वसाधारणको पहुँचमा पुऱ्याइ पूर्ण सदुपयोगमा ल्याइने छ । उक्त सूचना प्रविधि केन्द्र स्थापनामा सहयोग प्रदान गर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई हार्दिक आभार प्रकट गर्दछु ।

२८. जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई क्षमता अभिबृद्धि गर्न तालिमको व्यवस्था मिलाइने छ । अनुभव आदान प्रदानको कार्यक्रम अन्तर्गत अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाइने छ ।

२९. सबै वडा कार्यालयमा इन्टरनेट कनेक्टिभिटी नेटवर्क जडान भैसकेको छ । यसका साथै वडा कार्यालय, स्वस्थ्यचौकी र विद्यालयहरूमा ई. हाजिरी प्रणाली लागु गरिने छ । नगरको लेखा तथा योजना प्रणाली "सुत्र सफ्टवेयर" मार्फत सञ्चालनमा ल्याइने छ ।

३०. नगरपालिका र मातहतका वडा कार्यालयहरूबाट सम्पादन हुने विकास तथा योजनाहरूको प्रगती समिक्षा, चौमासिक सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यहरू जारी राखिने छन् ।

३१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस नगरपालिकाले पारित गरेको ऐन तथा नीति नियम बमोजिम सम्बन्धित क्षेत्र भित्रै वडा कार्यालयहरू स्थापना गरि तहाँबाटै सार्वजनिक सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

३२. नगरपालिकाको केन्द्रीय प्रशासनिक भवन परिसर भित्र सुरक्षा व्यवस्थालाई सबल बनाउन सि.सि.टि.भि. जडान कार्य गरिने छ ।

३३. नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाको अभिलेखिकरण गरि संरक्षण गरिनेछ ।

३४. नगरको विकासलाइ समुदायमा आधारित र नियमित गराउँदै स्थानीय स्रोत साधन र सीपको अधिकतम् उपयोग गरी समग्र विकासमा योगदान पुऱ्याउन टोल विकास संस्था दर्ता तथा त्यसको क्षमता अभिवृद्धिको कार्यलाई अगाडी बढाइने छ । उक्त संस्थाहरूसँगको सहकार्यमा योजना कार्यान्वयन, सरसफाई अभियान, संरक्षण सम्बर्द्धन लगायतका कार्यक्रमहरू अगाडी बढाइने छ ।

३५. नगरपालिकाबाट निस्किने फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी गल्ने, नगल्ने र शिशाजन्य फोहोर छुट्ट्याई फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि निजी साझेदारी अवधारणामा कार्य अघि बढाइने छ।

३६. नगर क्षेत्र भित्र प्लास्टिक झोलाको प्रयोगलाई न्यूनीकरण गर्दै क्रमशः प्लास्टिक झोला निषेध अभियान सञ्चालन गरि वैकल्पिक प्रयोग तर्फ जान नगरवाशीहरूलाई प्रोत्साहन गरिनेछ ।

३७. नयाँ पर्यटन ट्रेकिङ रूटको पहिचान तथा विकास र नगरकोट तथा सुलिकोट थामीडाँडा जस्ता पर्यटकीय स्थलहरूमा पर्यटन पूर्वाधार विकासमा जोड दिइने छ । यस नगरमा रहेको पर्यटकीय केन्द्र नगरकोटलाई पर्यटन क्षेत्र घोषणा गर्न प्रदेश सरकार र संघीय सरकारका सम्बन्धित निकायमा पहल गरिनेछ ।

३८. नगरबासीहरूद्वारा परम्परागत रूपमा सञ्चालन हुँदै आएका सामाजिक तथा सांस्कृतिक रितिरिवाजहरूको सम्बर्द्धन र संरक्षणमा जोड दिइनेछ ।

३९. कृषि पकेट क्षेत्र विकस गरी तरकारी, फलफुल तथा माछापालन व्यवसायलाई प्रोत्साहन तथा व्यवसायीकरण गर्दै लगिनेछ ।

४०. वातावरणीय संरक्षणको लागि पहिरो नियन्त्रण, नदी नियन्त्रण, ल्याडफिल्ड साइट निर्माण गरिने छ ।

४१. एक घर एक धारा नीतिलाई निरन्तरता दिइनेछ, प्रमुख सिंचाइ कुलो र बाँधका योजनाहरूलाई प्राथमिकता दिइनेछ ।

४२. पूर्वाधार विकस तर्फ प्रत्येक वडा भित्रका कम्तिमा एक मुख्य सडक पहिचान गरि सोको विस्तार तथा स्तरोन्तिमा लगानी गरिनेछ ।

४३. वडाको भौगोलिक विविधता, जनसख्याको आकार र विकासको अवस्था तथा आवश्यकता हेरी बजेट विनियोजन नीति लिइनेछ ।

४४. नगर भित्र संघीय तथा प्रदेश सरकार र अन्य निकायद्धारा सञ्चालित नयाँ तथा क्रमागत योजनाहरूमा दोहोरोपना हुन नदिन उक्त योजनाहरूमा बजेट विनियोजन गरिने छैन ।

४५. बजेट कार्यान्वयनको क्रममा ४% कन्टेन्जेन्सी कट्टी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै योजना कार्यान्वयनका क्रममा सडक तथा खानेपानी योजनामा ५% कट्टी हुनेगरी लगत ईष्टमेट तयार गर्ने, भुक्तानीको क्रममा उक्त ५% रकम मर्मत सम्भार कोषमा जम्मा गर्ने । उक्त योजनामा समस्या आएमा त्यसको मर्मत सम्भारमा सो ५% रकममा नगरबाट थप ५% गरी (सामन्यतया वैशाख पछि र वर्षात पछि) ल.ई. गरी कार्य सम्झौता गराई मर्मतको लागि भुक्तानी गर्ने नीति लिइनेछ ।

४६. प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादन कार्य प्रारम्भ गरेको छ । न्यायिक समितिको सचिवालयको स्थापना र न्याय सम्पादनका कार्यविधिहरूको प्रकाशनको कार्य गरिनेछ । सानोतिनो विवाद्को निरूपण वडा तहबाटै हुने व्यवस्था मिलाउन वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

४७. कृषि, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि र संकृति क्षेत्रमा सहयोग आदानप्रदान गर्न अन्तराष्ट्रिय नगरहरूसँग भगिनी सम्बन्ध स्थापना गरी नगरपालिकाको पहिचान स्थापित गर्ने कार्य अघि बढाइनेछ ।

४८. बजार अनुगमन निर्देशिका अनुसार बजार अनुगमन कार्यलाई तिब्रता दिइनेछ । जथाभावि जग्गा पल्टिङ्गमा रोक लगाइनेछ । सहरी विकास मन्त्रालयसँगको सहकार्यमा एकीकृत नगर विकास गुरूयोजना तयार कार्यान्वयन गरिनेछ ।

४९. नगरपालिकाको नगर यातायात गुरूयोजना तयार गरि मुख्य मुख्य सडकहरूमा राइट अफ वे को संरक्षण गर्न सडकको दायाँ बाँया सीमा खम्बा राख्ने नीति लिइने छ ।

५०. करदाता शिक्षालाई व्यापक अभियानको रूपमा सञ्चालन गरिनेछ । करदाताको सुविधाको लागि कर संकलन वडास्तरमा कर शिविरहरू सञ्चालन गर्ने नीति लिइनेछ ।

५१. नगरपालिकाको आफ्नै स्रोत साधनबाट निर्माण हुन नसक्ने वृहत तथा स्थानीय गौरवको योजनाहरू निर्माण गर्न संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ । उपयुक्त आयोजनाहरू सार्वजनिक निजी साझेदारीमा निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

५२. व्यवस्थित शहरीकरणलाई टेवा पुऱ्याउन तथा बजार तथा उद्योग सञ्चालन मापदण्ड कार्यन्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार नगर प्रहरी नियुक्ति गरी परिचालन गरीने छ । साथै नगर प्रहरी परिचालन कार्यविधि तयार गरी लागु गरिनेछ ।

५३. "सम्वृद्ध नगर-खुशी नगरवाशी" को अवधारणा कार्यन्वयन गर्न उपयुक्त नीति तथा कार्यक्रम तय गरि क्रमशः सञ्चालन गर्दै लगिने नीति लिइनेछ ।

आदरणीय नगर सभाका सदस्यज्यूहरू,
अब म, नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य, क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वनका लागि आर्थिक वर्ष २०७५/०७६ को आय व्यय, बजेट विनियोजन र श्रोतको ब्यवस्थाको योजना प्रस्तुत गर्दछु ।

५४. आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न रू ६५ करोड ७९ लाख ७ हजार १६७ रकम विनियोजन गरेको छु । कुल विनियोजन बजेटको मध्ये चालु तर्फ रू ३६ करोड १० लाख ३६ हजार ६४४ (५४.८७ प्रतिशत) र पूँजीगत तर्फ रू.

२९ करोड ६८ लाख ७० हजार ५२३ ( ४५.१३ प्रतिशत) रहेको छ ।

५५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय समानीकरण अनुदानबाट रू १० करोड ३२ लाख, प्रदेश समानीकरण अनुदानबाट रू ८९ लाख ७२ हजार, संघीय सशर्त अनुदानबाट रू १५ करोड ९४ लाख, प्रदेश सशर्त अनुदानबाट रू ३ करोड ९८ लाख ९० हजार, आन्तरिक राजश्व अनुमान रू १३ करोड ६ लाख ८३ हजार १६७, जिल्ला समन्वय समिति र घर जग्गा रजिष्ट्रेशन वापत जिल्लाबाट प्राप्त हुने राजश्व बाँडफाँड मार्फत रू. ४० लाख, संघीय विभाज्य कोषबाट राजश्व बाँडफाँड अन्तर्गत प्राप्त हुने रू ६ करोड ७४ लाख ३४ हजार र गत वर्षको नगद मौज्दात रू ७ करोड ७० लाख रहेको छ ।

५६. पूँजीगत खर्चबाट विनियोजित योजना तथा कार्यक्रमलाई अनुसूचीमा राखी सोही बमोजिम स्वीकृत गर्न प्रस्ताव गरेको छु ।

आदरणीय नगर सभाका सदस्यज्यूहरू,
अव म, पूँजीगत तर्फ विनियोजित बजेटको प्रमुख शीर्षक तथा विनियोजित रकम सभा समक्ष प्रस्तुत गर्दछु ।

५७. यस नगरपालिका तथा वडा कार्यालयको जग्गा खरिद तथा भवन निर्माण सुरूवात गर्नको लागि रू २ करोड बजेट विनियोजन गरिएको छ ।

५८. बाली वीमा कार्यक्रम, बिउ बैंक स्थापना, ग्रिन हाउस, जैविक विषादीको प्रयोग तथा विषादी परीक्षण केन्द्र स्थापना र फलफुल नर्शरी लगायतका कार्यक्रम सञ्चालन गरि कृषि क्षेत्रलाई व्यवसायिक र आधुनिकीकरण गर्न रू १ करोड विनियोजन गरेको छु ।

५९. त्यसैगरी यस नगरका कृषकहरूको आय आर्जनको मुख्य स्रोत पशुपालन व्यवसायलाई समुन्नत बनाउने उद्देश्यले पशु उत्पादन तथा दुग्ध उत्पादनमा लागत घटाउन पशु विकास तर्फ रू ४२ लाख ८० हजार प्रस्ताव गरेको छु ।

६०. यस नगर क्षेत्रको मुख्य पर्यटकीय गन्तब्य नगरकोट र सुलीकोट थामीडाँडामा पर्यटन पूर्वाधार विकास गर्न बजेटको व्यवस्था गरेको छु । नगरकोटमा पर्यटन व्यवसायीहरूको लागत सहभागीतामा पर्यटन सडक स्तरोन्नती तथा कालोपत्रे गर्न रू ३० लाख विनियोजन गरेको छु । उक्त आयोजनामा पर्यटन व्यवसायीहरूको ४० प्रतिशत लागत सहभागिता रहने व्यहोरा जानकारी गराउन चाहान्छु । त्यसैगरी थामी डाँडामा पर्यटकीय भ्यू टावर निर्माण गर्न रू १० लाख तथा ठूलीचौर भ्यू टावर निर्माणको लागि १० लाख विनियोजन प्रस्ताव गर्दछु ।

६१. नगर भित्र रहेका सामुदायिक विद्यालयहरूको सिकाइ उपलब्धि वृद्धि गर्दै समग्र शैक्षिक गुणस्तर उकास्नको लागि शिक्षा क्षेत्रमा आवश्यक रकमको व्यवस्था गरेको छु । विद्यालयमा खानेपानी, तार घेरावार, शौचालय व्यवस्थापन र माध्यमिक विद्यालयहरूमा स्मार्ट बोर्डको व्यवस्था गर्न, शिक्षक तालिम तथा क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गर्न रू १ करोड ६४ लाख विनियोजन प्रस्ताव गर्दछु ।

६२. आ.व. २०७५/७६ मा प्रदेश सरकारको आर्थिक सहयोगमा १५ शैयाको अस्पताल निर्माणको थालनी गरिनेछ । स्वास्थ्यचौकीहरूमा औषधि खरिद, अपाङ्गता भएका व्यक्ति तथा अशक्त नागरिकहरूको स्वास्थ्य वीमा लगायतका कार्यक्रमका लागि स्वास्थ्य क्षेत्रमा रू ६७ लाख विनियोजन गरेको छु ।

६३. मण्डनदेउपुर वृहत खानेपानी योजनाको सञ्चालन गर्न, युटिलिटी कम्पनी स्थापना गर्न कार्यक्रम अगाडी बढाइनेछ । खानेपानी क्षेत्रको समग्र विकासको लागि रू. २ करोड ५९ लाख २५ हजार विनियोजन गरेको छु ।

६४. नगर भित्र रहेका संघीय तथा प्रदेश सरकार र अन्य निकायबाट बजेट विनियोजनमा नपरेका मुख्य मुख्य सडकहरूको स्तरोन्नती तथा कालोपत्रे गर्न रू ७ करोड ९ लाख ६० हजार विनियोजन गरेको छु । त्यसैगरी यस नगरको मुख्य नदी प्रवाह चाखोला करिडोर निर्माणको लागि रू २५ लाख र सोते इन्द्रावती वैकल्पिक सडक निर्माणको लागि रू ५० लाख विनियोजन गरेको छु । क्रमागत वैकल्पिक सडक निर्माण तथा स्तरोन्नतीको लागि रू १ करोड विनियोजन प्रस्ताव गरेको छु । साथै चालु आ.व.मा सम्झौता भए बमोजिमको भुक्तानी दायित्व स्वरूप रू ८३ लाख विनियोजन गरेको छु । वडागत योजनाहरू कार्यान्वयनको लागि हरेक वडालाई रू १० लाखका दरले जम्मा रू १ करोड २० लाख विनियोजन गरेको छु ।

६५. स्थानीय स्तरमा विवाद् निरूपण तथा मेलमिलाप कायम गरी सामाजिक सद्भाव कायम गर्न न्यायिक समितिको लागि रू १० लाख विनियोजन गरेको छु ।

६६. कृषि उत्पादन वृद्धि गर्न सिँचाई पूर्वाधार विकास तथा पोखरी निर्माणको लागि रू १ करोड विनियोजन गरेको छु ।

६७. नगर क्षेत्र भित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला, दलित तथा सीमान्तकृत लगायत लक्षित वर्गको विकासको लागि रू ६४ लाख विनियोजन गरेको छु । सामाजिक सुरक्षा कार्यक्रमको लागि ६ करोड ३८ लाख २८ हजार विनियोजन गरेको छु ।

६८. प्राकृतिक प्रकोप, वातावरण व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापन गर्न १ करोड २९ लाख विनियोजित गरेको छु । साथै मौजुदा विपद् व्यवस्थापन कोषमा समेत बजेट थप्ने प्रस्ताव गरेको छु ।

६९. नगर क्षेत्र भित्र पहिचान भएका आयोजनाहरू अन्य संस्था तथा निकायसंगको साझेदारीमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सम्पुरक कोषमा रू १ करोड ५० लाख विनियोजन गरेको छु ।

७०. पर्यटकीय केन्द्र नगरकोटमा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत पर्यटक बसपार्क निर्माण तथा पर्यटन प्रवर्द्धन गर्न रू ५० लाख विनियोजन प्रस्ताव गर्दछु । साथै नगरकोटलाई नगरको अर्को मुख्य पर्यटन गन्तव्य ठूलोचौर-सुलीकोट थामीडाँडा हुँदै ज्याम्दी बुद्ध पार्क जोड्ने ट्रेकिङ रूट निर्माण गर्न होमस्टे सहितको लागि रू ५० लाख विनियोजन गरेको छु ।

७१. यस नगरपालिकाको मुख्य नदी प्रवाह सिन्धुपाल्चोक जिल्लासँग सीमाना जोडिएको इन्द्रावती नदीको व्यवस्थापन तथा नदी नियन्त्रण संघीय तथा प्रदेश सरकार, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग र अन्य निकायसँगको सहकार्यमा कार्यक्रम गर्न रू २० लाख विनियोजन गरेको छु ।

सभाका सदस्यज्युहरू,

७२. यस नगरपालिका भित्र कार्यरत तथा कार्यक्रम सञ्चालनको लागि स्वीकृती माग गर्न आउने विभिन्न गैर सरकारी, सहकारी, निजी तथा अन्य संघसंस्थाको कार्यक्रमलाई निर्धारित मापदण्डको आधारमा स्वीकृती प्रदान गरी कार्यक्रम सञ्चालन गर्न दिने नीति लिइनेछ ।

७३. नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र महशुल संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मण्डनदेउपुर नगरपालिकाको नगर सभा समक्ष आर्थिक ऐनको मस्यौदा र सोको अनुसूचीहरू स्वीकृतीका लागि पेश गरेको छु ।

७४. मण्डनदेउपुर नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मण्डनदेउपुर नगरपालिकाको नगर सभा समक्ष विनियोजन ऐनको मस्यौदा र सोको अनुसूची स्वीकृतिका लागि पेश गरेको छु ।

७५. आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटको अभिन्न अंगको रूपमा रहेको आय व्यय, राजस्व तथा अनुदान प्राप्तिको अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, वार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम, वार्षिक कार्यक्रम कार्यान्वयन योजनालाई अनुसूचीमा राखी पेश गरेको छु ।

७६. यो नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा सहयोग गर्ने सम्बन्धित मन्त्रालय, विभाग तथा अन्य निकायहरू, प्रमुख प्रशासीकय अधिकृत, नगर सल्लाहकार, सम्पूर्ण वडा अध्यक्षज्यूहरू, नगर कार्यपालिकाका सदस्य, नगर सभाका सदस्यहरू र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।
टोक बहादुर तामाङ (वाईवा)
नगर प्रमुख

# आ.व. २०७५/०७६ को बजेट तथा कार्यक्रम

आ.व. २०७५/०७६ को लागि नीति तथा कार्यक्रम उपर छलफल गरी संशोधन सहित तपसिल बमोजिमको अनुमानित आय व्यय स्वीकृत गरियो ।

क) आय तर्फ

| शीर्षक | | | आ.व. २०७५/७६ को अनुमान |
|---|---|---|---|
| क) आय | | | ६५७९०७१६७ |
| १. | गत वर्षको अल्या | | ७७०००००० |
| २. | राजस्व | | २०२११७१६७ |
| | आन्तरिक राजस्व | | १३०६८३१६७ |
| | क) | सम्पति कर | १४००००० |
| | ख) | नक्शापास दस्तुर | ४१७१६७ |
| | ग) | सिफारिस दस्तुर | ३००००० |
| | घ) | व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० |
| | ङ) | अन्य दस्तुर | ५१००००० |
| | च) | प्रदुषण नियन्त्रण शुल्क | ३७५००००० |
| | छ) | अन्य राजश्व | ८५८६६००० |
| ३. | जिल्ला राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ४०००००० |
| | घर जग्गा रजिष्टेशन दस्तुर | | २०००००० |
| | खानी रोयल्टी | | २०००००० |
| ४. | सघिय राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ६७४३४००० |
| ५. | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ३११४६२००० |
| | नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | | १५९४००००० |
| | क) | कृषि | ३५६७००० |
| | ख) | शिक्षा | १३३७८२००० |
| | ग) | स्वास्थ्य | १८३८५००० |
| | घ) | खानेपानी तथा सरसफाइ | २३१००० |
| | ङ) | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | १४४१००० |
| | च) | उर्जा | १६९४००० |
| | छ) | वन तथा भु-संरक्षण | ३००००० |
| | नेपाल सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान | | १०३२००००० |
| | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | | ३९८९०००० |
| | प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान | | ८९७२००० |
| ६. | सडक बोर्ड नेपाल अनुदान | | ३५००००० |
| ७. | सामाजिक सुरक्षा भत्ता (संघीय अनुदान) | | ६३८२८००० |

ख. व्यय तर्फ

१) पूर्वाधार विकास (पूँजीगत खर्च)

## सडक योजना

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | महादेवस्थान-मैदान-चण्डेनी-छाप मोटर बाटो स्तरोन्नती (डि.पि.आर. समेत) | मण्डनदेउपुर ७,९,१०,१२ | १००००००००.०० |
| २ | हिगुवापाटी-कोदारी-गैरीविसौना मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ६,७ | १००००००००.०० |
| ३ | हिगुवापाटी महादेवस्थान मनमतीसम्म मोटरबाटो | मण्डनदेउपुर-७ | ५०००००००.०० |
| ४ | कात्तिके-चुरीथुम्का-सिपाघाट मोटर बाटो स्तरोन्नती (सडक बोर्ड नेपाल अनुदान) | मण्डनदेउपुर १,५,६ | ३५०००००० |
| ५ | फेदी-छिनेको पैरो-ढोडीनी-दार्मीटार-रिमाल टोल ढाइटार मोटरबाटो स्तरोनती | मण्डनदेउपुर ८,११ | २५००००००.०० |
| ६ | ढाइटार-गुरागाई चोक-सर्वभ्फाङ्ग-वीरधानपाटी-पिपलबोट मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ३,४,८ | २५००००००.०० |
| ७ | कात्तिके-खोराङ्ग-रानीवन-गिरीधारे-चुरीथुम्का मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर १ | २००००००.०० |
| ८ | नर्सरी-पौवाटार-सालठाँटी-महाँकाली-चैनपुर मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ७, ६, ५ र ४ | २००००००.०० |
| ९ | तीनकुनेचोक-सिपाघाट तल्लो बजार-इन्द्रावती पुलसम्म मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ६ | २००००००.०० |
| १० | टयाङ्कीडाँडा-मानेडाँडा बन्चरे मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ३ | २५००००००.०० |
| ११ | राम्चे-भ्फगरेडाँडा-रामपुर मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ११,१२ | १००००००.०० |
| १२ | चण्डेनी एकीकृत नमुनावस्ती तीनधारा मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर १० | १००००००.०० |
| १३ | त्रिनेत्रेश्वर मन्दिरबाट -ठुल्डी बगर मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर १२ | ७०००००.०० |
| १४ | गोठडाँडा-खाटेचौर-खहरे मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ५ | १००००००.०० |
| १५ | बखतीगाँउ-वडा कार्यलय-हलेदे मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर १० | ६०००००.०० |
| १६ | देउराली-जितौरी पोखरी-नर्वदापाटी मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ९ | १००००००.०० |
| १७ | कान्तिटार-ढाँडे-मिलनडाँडा मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ९ | १००००००.०० |
| १८ | ठकुरीगाँउ-रोहिणी-साठीकुरीया-मकैबारी-भञ्ज्याङ्ग-वडा कार्यालय मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर २ | १००००००.०० |
| १९ | तपेश्वर-ब्रम्हायणी मन्दिर जाने मोटर बाटो स्तरोन्नती | मण्डनदेउपुर ५ | ५०००००.०० |
| २० | सोते ईन्द्रावती बैकल्पिक सडक निर्माण | मण्डनदेउपुर ७, ९ र १० | ५००००००.०० |
| २१ | चाखोला करिडोर निर्माण | म.दे.न.पा. ७,८,६,५,४,३र२ | २५००००००.०० |
| २२ | सिपाघाट फेदी वैकल्पिक सडक निर्माण क्रमागत योजना | मण्डनदेउपुर | १००००००००.०० |
| २३ | लाँकुरी भञ्ज्याङ रोहिणी सडक स्तरोन्नती | मण्डनदेउपुर २ | ३०००००.०० |
| २४ | कश्यपेश्वर मन्दिर जाने बाटो स्तरोन्नती (सिँढी निर्माण) | मण्डनदेउपुर ७ | ५०००००.०० |
| २५ | छाप पिपलबोट सडक वाल निर्माण (ट्रान्सफर्मर छेउमा) | मण्डनदेउपुर १ | ३०००००.०० |
| २६ | सडक सीमाङ्कन, माइल स्टोन निर्माण | मण्डनदेउपुर | २०००००० |
| २७ | किर्तेटार- गोठे सडक निर्माण | मण्डनदेउपुर-३ | ३५०००० |
| २८ | चाँपखोला-लाकुरेबोट-स्याङ्तान टोल सडक निर्माण | मण्डनदेउपुर-३ | १५०००० |
| | | जम्मा | ७०९००००० |

# वडागत सडक योजना

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| २९ | हलेदे डाँडाखेत विरौटा तल्लो झगरे कृषि सडक | १ | २००००० |
| ३० | खोराङ्गे भेगटोल गिर्धरे सडक | १ | १५०००० |
| ३१ | ढाँडाँगाँउ ढेब्लु  संजीवनी सडक | १ | १५०००० |
| ३२ | कामीडाँडा देउराली सडक | १ | १००००० |
| ३३ | नन्दज्योती लामीथुम्का  सडक | १ | १५०००० |
| ३४ | साइटार कुभिण्डे  खुँम्चे लाम्पाटा सडक | १ | १५०००० |
| ३५ | छाप अर्चले सडक | १ | १००००० |
| ३६ | दुइघरे काभ्रावोट काँग्रेसभिर मकैवारी ढकाल टोल सडक मर्मत | २ | २००००० |
| ३७ | काफ्लेनी भञ्ज्याङ चित्ते वालुवापाटी सडक मर्मत | २ | १५०००० |
| ३८ | वालुवापाटी मेसागाँउ सडक मर्मत | २ | १००००० |
| ३९ | रोहिणी भञ्ज्याङ रोहिणी लुवागाँउ सडक मर्मत | २ | १००००० |
| ४० | वडा कार्यालय वालुवापाटी नयाँ सडक निर्माण | २ | २००००० |
| ४१ | चिज फ्याक्ट्री नेवार टोल चिसापानी टायमुरङ सडक मर्मत | २ | १५०००० |
| ४२ | वडा कार्यालय धुयसब्ले सडक मर्मत | २ | १००००० |
| ४३ | खस्रे नयाँ गाउँ लगायतका सम्पूर्ण शाखा बाटो मर्मत | ३ | ८००००० |
| ४४ | मण्डनदेउपुर न.पा. वडा न ४ को शाखा बाटो मर्मत सुधार | ४ | १०००००० |
| ४५ | वडा न ५ सम्पूर्ण सडक मर्मत | ५ | ५००००० |
| ४६ | आईतवारे चालढुङ्गा काफ्लेटोल नयाँसडक निर्माण | ५ | १५०००० |
| ४७ | वडा न ६ सम्पूर्ण शाखा बाटो मर्मत | ६ | ३५०००० |
| ४८ | कोदारी भेडेचौर सडक | ६ | २००००० |
| ४९ | लिबटे चन्दने आरुवोट सडक | ६ | २००००० |
| ५० | वडा न ७ शाखा बाटो मर्मत | ७ | २००००० |
| ५१ | सडक मर्मत (वाघको खोर चाखोला, महादेवस्थान ढकालगाँउ, कुन्ता माछा पोखरी) | ७ | ३००००० |
| ५२ | आँपखोला झोलुङ्गेपुल सडक निर्माण | ७ | ३००००० |
| ५३ | वडा नं.८ भित्र रहेका सवै ग्रामिण सडकलाई मर्मत ग्रावेल, हिम पाईप गर्ने | ८ | १०००००० |
| ५४ | राताचौर लवरबोट  पुरानो पँधेरो सडक | ९ | २५०००० |
| ५५ | पौवा पधँरो  सडक | ९ | १००००० |
| ५६ | रानीटार हमालटोल बरबोट कुन्ता सडक | ९ | २५०००० |
| ५७ | लाँकुरी ढाइटार थुम्की  सडक | ९ | १००००० |
| ५८ | सडक मर्मत सुधार | ९ | ३००००० |
| ५९ | आँपधारी बासचावा मोटर वाटो मर्मत | १० | २००००० |
| ६० | वडा स्तरीय शाखा बाटो  मर्मत | १० | ५००००० |
| ६१ | शाखा मोटर वाटो मर्मत | ११ | ५००००० |
| ६२ | साल विसौना छाँप मोटर बाटो निर्माण | १२ | ३००००० |
| ६३ | भतेरे टाडविशौना ( भतेरे दोबाटो सम्म वाटो मर्मत | १२ | ३००००० |
| | जम्मा | | ९८००००० |

## नगरपालिकाको मर्मत सम्भार कोषबाट मर्मत गरिने सडकका योजनाहरु

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| ६४ | भवनडाँडा ट्याङ्कीडाँडा हिले सडक | ३१०७९१।२६ |
| ६५ | पौवा मैदान चण्डेनी कोलाचौर सडक | २०४५३५।८४ |
| ६६ | ढाईटार सर्बझाङ तिमिलसिना गाँउ सडक मर्मत | २६०३०७।२१ |
| ६७ | कार्तिके चुरीथुम्का सिपाघाट सडक मर्मत | २२३८२२।३१ |
| ६८ | नगरकोट गैह्रिबिसौना हिगुवापाटी मुल सडक मर्मत | ७५५३६५।०५ |
| ६९ | कुन्ताबेशी पौवाटार सालठाँटी महाकाली सडक | २०१६१७।२८ |
| ७० | फेदी छिनेको पैह्रो मोटरबाटो मर्मत | ५६७९४।३७ |
| ७१ | फेदी चण्डेनी हल्देछाप सडक मर्मत | १६६६१८।५४ |
| ७२ | डुमीडाँडा सिपाघाट पहिरो पन्छाउने | ८००००।०० |

## सिंचाई योजना

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ७३ | जोगीटार सिंचाई योजना | मण्डनदेउपुर १० | ५०००००.०० |
| ७४ | माईटार सिंचाई पाईप योजना | मण्डनदेउपुर १० | ५०००००.०० |
| ७५ | घयाम्पेखोला सिंचाई योजना | मण्डनदेउपुर १० | १००००००.०० |
| ७६ | ज्वानेटार सिंचाई कुलो मर्मत | मण्डनदेउपुर १० | १००००००.०० |
| ७७ | ठुलोखेत फेदी सिंचाई योजना | मण्डनदेउपुर ५ | ५०००००.०० |
| ७८ | क) हलेदे चुरीथुम्का सिंचाई योजना | मण्डनदेउपुर १ | ५०००००.०० |
| | ख) गिर्धरे रानीवन सिंचाई योजना | मण्डनदेउपुर १ | ५०००००.०० |
| ७९ | ठुलीखेत शंकरेबाँध सिंचाई योजना | मण्डनदेउपुर ५,६,७ | १००००००.०० |
| ८० | सिठुवा सिपाघाट सिंचाई योजना | मण्डनदेउपुर ६ | ७०००००.०० |
| ८१ | नरसिंगे सिंचाइ योजना | मण्डनदेउपुर ९ | ५०००००.०० |
| ८२ | फेदी खहरे सिंचाई योजना | मण्डनदेउपुर ५ | ५०००००.०० |
| ८३ | मुहाने सालठाँटी सिंचाई योजना | मण्डनदेउपुर ५,६ | ५०००००.०० |
| ८४ | आँपखोला ढाँडे सिंचाई योजना | मण्डनदेउपुर ९ | १००००००.०० |
| ८५ | सिवरामे अँधेरी सिंचाई योजना | मण्डनदेउपुर ६ | ३०००००.०० |
| ८६ | अर्चले हिले सिंचाइ योजना | मण्डनदेउपुर १ | २०००००.०० |
| ८७ | क) जैसिथोक सिंचाइ योजना | मण्डनदेउपुर ११ | ३००००० |
| | ख) घट्टेखोर मुलाबारी जुडीगाउँ सिंचाई योजना | मण्डनदेउपुर ८ | ५०००००.०० |
| | | जम्मा | १०००००००.०० |

२) समाजिक विकास (पूँजीगत खर्च)

## खानेपानी योजना

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ८८ | दुवागाँउ खानेपानी योजना | मण्डनदेउपुर २ | २०००००० .०० |
| ८९ | नर्वदा रानीटार माथिल्लोखर्क वृहत खानेपानी योजना | मण्डनदेउपुर ९ | २००००००.०० |
| ९० | राम्चे एक घर एक धारा खानेपानी योजना | मण्डनदेउपुर ११ | १५०००००.०० |
| ९१ | चैनपुर सिंगे एक घर एक धारा खानेपानी योजना | मण्डनदेउपुर ४ | २००००००.०० |
| ९२ | ओख्रे जलेश्वर एक घर एक धारा खानेपानी योजना | मण्डनदेउपुर ३ | १५०००००.०० |
| ९३ | क) माथिघर कुवा मर्मत योजना | मण्डनदेउपुर १ | १२५०००.०० |
| | ख) बेसीटोल कुवा मर्मत योजना | मण्डनदेउपुर १ | १२५०००.०० |
| | ग) ढेब्लु बतासे खानेपानी योजना | मण्डनदेउपुर १ | २०००००.०० |
| | घ) पसलडाँडा माथिल्लो टोल खानेपानी योजना | मण्डनदेउपुर १ | १५००००.०० |
| | ङ) गैह्रीगाउँ खानेपानी योजना | मण्डनदेउपुर १ | ७५००००.०० |
| | च) कोलरुम्टा चुरीथुम्का खानेपानी योजना | मण्डनदेउपुर १ | १५००००.०० |
| ९४ | सिपाघाट एकीकृत खानेपानी योजना | मण्डनदेउपुर ६ | १२०००००.०० |
| ९५ | सल्लेबास तिमिल्सिनागाँउ खानेपानी योजना | मण्डनदेउपुर ५ | ५०००००.०० |
| ९६ | काफलचौर भतेरे एक घर एक धारा खानेपानी योजना | मण्डनदेउपुर १२ | ८०००००.०० |
| ९७ | देउराली बिस्कुटे एक घर एक धारा खानेपानी टयांकी निर्माण | मण्डनदेउपुर १२ | ७०००००.०० |
| ९८ | छाप तल्लो ठकुरी टोल खानेपानी योजना | मण्डनदेउपुर १२ | ५०००००.०० |
| ९९ | रुप्से हलेदे एक घर एक धारा खानेपानी योजना | मण्डनदेउपुर १० | १००००००.०० |
| १०० | पैावाटार आँपखोला खानेपानी | मण्डनदेउपुर ७ | १००००००.०० |
| १०१ | प्रगतिटोल एक घर एक धारा खानेपानी | मण्डनदेउपुर १२ | ५०००००.०० |
| १०२ | मेसागाउँ खानेपानी आयोजना योजना | मण्डनदेउपुर २ | ५०००००.०० |
| १०३ | सिमालीपाटी खानेपानी योजना | मण्डनदेउपुर ६ | ३०००००.०० |
| १०४ | योञ्जनटोल, तिमालटोल, लामाटोल खानेपानी योजना | मण्डनदेउपुर ३ | १५०००००.०० |
| १०५ | सोते खानेपानी योजना | मण्डनदेउपुर ७ | १५०००००.०० |
| १०६ | कुन्तावेशी खानेपानी योजना | मण्डनदेउपुर ७ | ५०००००.०० |
| १०७ | साठीकुरीया ढकाल गाउँ खानेपानी योजना | मण्डनदेउपुर २ | ५०००००.०० |
| १०८ | जैशीधारा ठकुरीटोल सतीपानी खानेपानी योजना | मण्डनदेउपुर २ | ५०००००.०० |
| १०९ | दारीम चौर खानेपानी योजना | मण्डनदेउपुर ९ | २५००००.०० |
| ११० | विरुवा खानेपानी योजना | मण्डनदेउपुर ९ | ३०००००.०० |
| १११ | जोगीटार खानेपानी योजना | मण्डनदेउपुर १० | ७५०००.०० |
| ११२ | चुरीथुम्का खानेपानी योजना | मण्डनदेउपुर ५ | ५०००००.०० |
| ११३ | मकैटार उमादेवी खानेपानी योजना | मण्डनदेउपुर ७, ९, १० र ११ | १००००००.०० |
| ११४ | झगरपुर खानेपानी योजना | मण्डनदेउपुर ७ | १००००००.०० |

## वडागत खानेपानी योजनाहरु

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ११५ | खाटेचौर पारिघर खानेपानी निर्माण | मण्डनदेउपुर ५ | २००००० |
| ११६ | वैरीपिपल इनार निर्माण | मण्डनदेउपुर ७ | २००००० |
| ११७ | डाँडाटोल, मगरटोल खानेपानी योजना | मण्डनदेउपुर ११ | २००००० |
| ११८ | वाइवा टोल खानेपानी योजना | मण्डनदेउपुर १२ | २००००० |
| | | जम्मा | २५९२५००० |

## लक्षितवर्ग कार्यक्रम

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ११९ | नगरस्तरीय महिला क्षमता विकास कार्यक्रम | मण्डनदेउपुर | ४००००० |
| १२० | नगरस्तरीय एकल महिला आय आर्जन कार्यक्रम | मण्डनदेउपुर | ३००००० |
| १२१ | नगरस्तरीय गुरुङ्ग समुदाय आय आर्जन कार्यक्रम | मण्डनदेउपुर | २००००० |
| १२२ | तामाङ्ग क्षमता अभिवृद्धी कार्यक्रम | मण्डनदेउपुर | २००००० |
| १२३ | नगरस्तरीय दलित समुदाय आय आर्जन कार्यक्रम | मण्डनदेउपुर | ४००००० |
| १२४ | नगरस्तरीय दनुवार समुदाय आय आर्जन कार्यक्रम | मण्डनदेउपुर | २००००० |
| १२५ | नगरस्तरीय माझि समुदाय आय आर्जन कार्यक्रम | मण्डनदेउपुर | १००००० |
| १२६ | नगरस्तरीय अपाङ्ग समुहका लागि जिविकोपार्जन कार्यक्रम | मण्डनदेउपुर | ५००००० |
| १२७ | नगरस्तरीय महिला सिपमुलक सेनेटरी प्याड उत्पादन कार्यक्रम | मण्डनदेउपुर | १००००० |
| १२८ | बालबालिका लक्षित कार्यक्रम | मण्डनदेउपुर | ३००००० |
| १२९ | वडागत लक्षित वर्ग कार्यक्रम -प्रत्येक वडालाई रु.१ लाख ५० हजारका दरले | मण्डनदेउपुर | १८००००० |
| १३० | युवा खेलकुद कार्यक्रम | मण्डनदेउपुर | २००००० |
| १३१ | जेष्ठ नागरिक लक्षित कर्यक्रम | मण्डनदेउपुर | २००००० |
| १३२ | सेफ हाउस सेवा सञ्चालन कार्यक्रम | मण्डनदेउपुर | २००००० |
| १३३ | आमा भवन निर्माण (नर्वदापाटी) | मण्डनदेउपुर | २००००० |
| १३४ | प्लम्बिङ तालिम | मण्डनदेउपुर | ३००००० |
| १३५ | प्लास्टिक झोला विस्थापन कार्यक्रम | मण्डनदेउपुर | २००००० |
| १३६ | पुस्तकालय स्थापना, पुस्तक खरिद तथा व्यवस्थापन | मण्डनदेउपुर | ४००००० |
| १३७ | गैरी गाउँ महिला सामुदायिक भवनमा खा.पा. निर्माण तथा रंग रोगन | मण्डनदेउपुर १ | २००००० |
| | | जम्मा | ६४००००० |

## वडागत सामाजिक विकास योजनाहरु

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १३८ | डोटेल गाँउ क्रियापुत्री ट्रस निर्माण | मण्डनदेउपुर ५ | १५०००० |
| १३९ | ढकालथोक चौतारी मर्मत सुधार | मण्डनदेउपुर ६ | १५०००० |
| १४० | खाजेपानी क्रियापुत्री ट्रस निर्माण | मण्डनदेउपुर ६ | १००००० |
| १४१ | साविक वडा नं.८ सामुदायीक भवन निर्माण | मण्डनदेउपुर १० | २००००० |
| १४२ | ठुल्डी वगर मशाने पाटी निर्माण | मण्डनदेउपुर १२ | २००००० |
| | | जम्मा | ८००००० |